सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १९३ ♦ २०८० साल चैत्र २५ गते आइतवार♦ 7 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## ढल्केबरमा दुई सय एघार जनाले गरे रक्तदान



**खबर दर्पण समाचारदाता**

**चैत्र २४ गते, ढल्केवर**

धनुषाको ढल्केवरमा शनिबार आयोजना गरिएको वृहत रक्तदान कार्यक्रममा दुई सय ११ जनाले रगत प्रदान गरेका छन् ।

धनुषामा एकै ठाउँम ठूलो सङ्ख्यामा रगत प्रदान गरिएको यो दोस्रो अवसर हो ।


नेपाल रेडक्रस सोसाइटी धनुषाका अनुसार १० वर्ष अघि जनकपुरको रामानन्द युवा क्लबले आयोजना गरेको रक्तदान कार्यक्रम तीन सयभन्दा बढीले रगत प्रदान गरेका थिए ।

ढल्केवरमा मिथिला उद्योग बाणिज्य सङ्घ, मिथिला ब्याडमिन्ट क्लब, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलगायत स्थानीय क्लब तथा सङ्घसंस्थाले आयोजना गरेको रक्तदान कार्यक्रमको मधेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री सत्रुधनप्रसाद सिंहले रक्तदान गरेर रक्तदान कार्यक्रमको शुभारम्भ गरेका थिए।

रक्तदान कार्यक्रमको शुभारम्भ गर्दै स्वास्थ्यमन्त्री सिंहले एक सयभन्दा बढी पटक आफूले रक्तदान गरेको बताए। २०६० सालमा पहिलो पटक रक्तदान गरेको बताउँदै उनले त्यसपछि प्रत्येक तीन-तीन महिनामा रक्तदान गर्दैआएको जानकारी दिए।

त्यसअवसरमा उनले रक्तदान कार्यक्रमका आयोजकलाई धन्यवाद ज्ञापन गरे । नेकपा एमालेको तर्फबाट चैत १० गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीमा नियुक्त हुनुभएका मन्त्री सिंहले पदभार ग्रहण गरे लगतै बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउने निर्णय गरेका थिए।

## मधेशमाथिको अन्याय अझै कायम छ : महन्थ ठाकुर



**खबर दर्पण समाचारदाता**

**चैत्र २४ गते, बर्दिवास**

लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले मुलुकमा मधेशमाथिको अन्याय अझै कायम रहेको बताएका छन् ।

महोत्तरीको मटिहानीमा आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले सरकारले मधेशमाथि विभेद कायम राखेको र अदालतले पनि न्याय नगरेको गुनासो गरे ।

धेरै जनसंख्या रहेको मधेश प्रदेशमा कम बजेट दिनु र निर्वाचन क्षेत्र कम बनाउनु मधेशमाथिको विभेदको उदाहरण भएको उनको भनाइ छ ।

'आधा भन्दा बढी जनसंख्या भएपनि १ सय ६५ मध्ये सुरुमा ६५ सिट मात्रै दिइएको थियो तर हामीहरुकै आन्दोलनका कारण अहिले त्यो संख्या ७९ पुगेको छ, जबकी हाम्रो माग ८२ सिट रहेको छ', ठाकुरले भने ।

देशको लगभग ५१ प्रतिशत जनसंख्या मधेशमा रहेको भन्दै अध्यक्ष ठाकुरले मधेशवासीको प्रतिनिधित्व मधेश प्रदेशले मात्रै गर्न नसक्ने धारणा राखे ।

लोसपा अध्यक्ष ठाकुरले नेपालको इतिहास नै हत्या हिंसाले भरिएको भन्दै मधेशमा शान्तिपूर्ण संघर्ष गर्दा गोली र लठ्ठी खानु परेको बताए ।

## बसको ठक्करबाट डियुटीमा खटेका ट्राफिक प्रहरी जवान यादवको मृत्यु


**खबर दर्पण समाचारदाता**

**चैत्र २४ गते, बर्दिवास**

बसको ठक्करबाट बारामा डियुटीमा खटेका ट्राफिक प्रहरी जवानको मृत्यु भएको छ । अमलेखगञ्जमा कार्यरत प्रहरी जवान मुनटुन यादवको मृत्यु भएको हो ।मृतक प्रहरी जवान यादव पर्साको छिपहर माई गाउँपालिका मिर्जापुर निवासी रहेको प्रहरीले जनाएको छ ।

जितपुर सिमरा उपमहानगर पालिकाको अमलेखगञ्ज चोकमा राति ११ बजे काठमाडौंबाट काँकरभिट्टाको लागी हिंडेको बागमती प्रदेश ०१-००ख ६१२३ नम्बरको बसको ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको हो ।बाराका प्रहरी

बाँकी पृष्ठ २ मा




सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी


✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# इलाम २ मा ८ स्वतन्त्र...

राष्ट्रिय स्वतन्त्र पार्टीका लिम्बु माओवादी निकट पत्रकार हुन् र उनी चुनावको केही दिनअघि मात्र रास्वपाको उम्मेदवार चयन भएका थिए ।

इलाम २ मा पहिचान पक्षधर विभिन्न ४१ राजनीतिक शक्ति र संघसंस्थाको समर्थनमा डकेन्द्र सिंह लिम्बु थेगिम उम्मेदवार बनेका छन् । उनलाई जनता समाजवादी पार्टीले पनि समर्थन गरेको छ ।

त्यस्तै राप्रपा नेपालका गणेशबहादुर चौकान, राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयवन्तविक्रम शाह, नेशनल रिपब्लिक पार्टीका धनराज राना मगर, मंगोल नेशनल अर्गनाइजेसनका मनिबहादुर लिम्बू, नेपाली जनता दलका रेशमबहादुर सुनार, नेपाल मजदुर किसान पार्टीका श्यामबहादुर दर्जीले पनि मनोनयन दर्ता गराएका छन् ।

स्वतन्त्र उम्मेदवारी दिनेमा इलामका ४ जना छन् । इलाम नगरपालिका ११ का केशवकुमार चापागाई, इलाम नगरपालिका ७ का डाकप्रसाद गौतम, फाकफोकथुम गाउँपालिका १ का दिपेश बोहरा र फाकफोकथुम ३ इलामका डकेन्द्र सिं लिम्बु (थेगिम) रहेका छन् ।

पहिचान पक्षधरको समर्थन पाएका स्वतन्त्र उम्मेदवार डकेन्द्र थेगिम ।

अछामका अर्जुनबहादुर शाही, बिर्तामोड झापाका मनोज निरौला, अर्जुनधारा झापाका योगेन्द्र गुरुङ, पोखरा कास्कीका राज बस्यालले स्वतन्त्र उम्मेदवारी दिएका छन् । प्रस्तावक र समर्थक नपाएका कारण स्वतन्त्र उम्मेदवारी दिन सर्लाहीबाट आएका उमेश दहालको भने मनोनयन दर्ता भएन । इलाम२ को उपनिर्वाचनमा सबै प्रतिस्पर्धी पुरुष रहेका छन् ।

निर्वाचन आयोगका सहायक प्रवक्ता रामदत्त पाण्डेयका अनुसार २५ वैशाखमा उम्मेदवारको विरोधमा उजुरी दिने, २६ गते उजुरीउपर जाँचबुझ गर्ने, २७ गते उम्मेदवारले नाम फिर्ता लिने र अन्तिम नामावली प्रकाशन गर्ने कार्तालिका छ । २७ चैतमै उम्मेदवारहरुले चुनाव चिह्न पाउनेछन् ।-रासस

# मटिहानी नगरपालिकामा करीब २ हजार घर परिवारलाई ग्यास चुलोको सेट निःशुल्क वितरण

**खबर दर्पण समाचारदाता**

**चैत्र २४ गते, बर्दिवास**




महोत्तरी क्षेत्र नं. ३ का सांसद महन्थ ठाकुरले दलित र अति विपन्न परिवारलाई खाना पकाउने ग्यासको सिलिण्डर र चुलो निःशुल्क वितरण गरेका छन ।आज शनिबार महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नं. ८ स्थित श्री राम माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा सिलिण्डर र चुलोको सेट हस्तान्तरण गरिएको छ । सुशीला ठाकुर मेमोरियल हेल्थ फाउंडेशनलाई सिलिण्डर र चुलो भारत सरकारको साना विकास परियोजना अन्तर्गत प्राप्त भएको थियो ।

मटिहानी नगरपालिकाका वडा १ देखि ९ सम्मका करीब २००० अति विपन्न तथा दलित परिवारलाई निःशुल्क सिलिण्डर र चुलो वितरण गरिएको कुरा सुशीला ठाकुर हेल्थ मेमोरियल फाउंडेशन धनुषाका अध्यक्ष डा. मिनाक्षी ठाकुरले बताएका छन् ।

ठाकुरले नेपाल र भारतबीच पारिवारिक, सांस्कृतिक र धार्मिक सम्बन्ध रहेको बताएका छन । उनले भारतबाट हुने यस किसिमका सहयोगले नेपाल-भारतका जनताबीच अझ मजबुत सम्बन्ध बनाउन सहयोग हुने बताएका छन ।

उनले भने 'मेरो मुख्य उद्देश्य नै दलित र अति विपन्न परिवारहरूको आर्थिक, सामाजिक रुपमा उत्थान गर्नु रहेको छ ।' यस किसिमका सहयोगले महिलाहरूको स्वास्थ्यमा सुधार हुनुका साथै खाना पकाउन समयको पनि बचत हुनेछ ।

कार्यक्रमको अध्यक्षता ग्रहण गरेका मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले भारत सरकारको सहयोगले नेपाली जनतालाई मद्दत पुग्ने बताएका छन् ।

उनले नेपाल र भारतबीचको सम्बन्धलाई झन् बजबुत बनाउन यी र यस्ता सहयोगको ठूलो महत्व हुने बताए । साथै आफू आफ्नो नगरपालिकालाई धुवाँ धूलोमुक्त नगरपालिका बनाउन अग्रसर रहेको बताए ।

# बसको ठक्करबाट डियुटीमा.....

प्रवक्ता दधिराम न्यौपानेका अनुसार रातिको समयमा चोकमा खटिएका प्रहरी जवान यादवले चेकजाँचको लागि रोक्न खोज्दा बसको ब्रेक नलागेर यादवलाई ठक्कर दिएको थियो ।

बसलाई नियन्त्रणमा लिएको छ भने मृतक यादवको शव वीरगन्जको नारायणी बयोध्या मेडिसिटी अस्पतालमा राखिएको छ ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**सिंह** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**कन्या** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**धनु** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**मकर** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट बर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# दोश्रो जनकपुरधाम मेयर कप टी-२० : बारालाई उपाधि




**खबर दर्पण समाचारदाता**

**चैत्र २४ गते, महेन्द्रनगर**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा भएको दोस्रो जनकपुरधाम मेयर कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधि बाराले जितेको छ । श्रीराम जानकी बहुद्देश्य रङ्गशालाको मैदानमा शनिबार भएको खेलमा बाराले धनुषालाई आठ रनले हउँदै उपाधि जितेको हो। उपाधिसँगै बाराले दुइ लाख ५१ हजार रुपियाँ पुरस्कार पायो । उपविजेता धनुषाले एक लाख ५१ हजार रुपियाँ पायो । टस हारेर पहिले ब्यािटङको निम्तो पाएको बाराले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा १०३ रन बनाएको थियो। बारका लागि निकेश गुप्ताले नटआउट सार्वधिक ४२ रन बनाउनुभयो ।

रोशन साह नटआउट २१ र निखिल सिंहले १४ रन बनाउनुभयो। बलिङमा धनुषाको लागि रुपेश यादव, विशाल शुसलिङ्ग र अखिलेश ठाकुरले दुई दुई विकेट लिनुभयो। जितका लागि १०४ रनको लक्ष्य पाएको धनुषा १९.४ ओभरमा सबै विकेटको क्षतिमा ९५ रनमा समेटियो । धनुषाका लागि विशाल शुसलिङ्गले ३३ रन बनाउनुभयो । अलि अकबर अन्सारीले १५ र अखिलेश ठाकुर ले १० रन जोड्नुभयो ।

बलिङमा बाराका पवन शरार्फले चार विकेट लिनुभयो। भलवन सहनी र निखिल सिंह दुई दुई तथा सेराज हवारीले एक विकेट लिनुभयो। म्यान अफ दि म्याच बाराका पवन सरार्फ हुनुभयो। उत्कृष्ट बलर बाराका निखिल सिंह, उत्कृष्ट व्याट्सम्यान महोतरीका अभिशेख तिवारी र म्यान अफ दि सिरिज बाराका अरनिको यादव हुनुभयो । विजेतालाई संघीय युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठ, सांसद् मनिष झा लगायतले पुरस्कार प्रदान गर्नुभयो ।

## खेल क्षेत्रको आवश्यक पूर्वाधार निमार्ण गर्न सरकार प्रतिबद्ध : खेलकुद मन्त्री

युवा तथा खेलकुद मन्त्री विराज भक्त श्रेष्ठले खेल क्षेत्रमा मधेश प्रदेशमा राम्रो सम्भावनाहरु भएको भन्दै खेलक्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार निमार्ण गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । मधेश प्रदेशको राजधानी जनकपुरधाममा शनिबार भएको मेयर कपको समापन्न कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले जनकपुरधामको रजौल स्थित प्रस्तावित श्री राम जानकी बहुउद्देश्य रङ्गशाला निमार्णका लागि यस वर्षको रातो किताबमा रङ्गशाला निमार्णका लागि वजेट व्यवस्थापन हुने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । उहाँले मधेश प्रदेशको समृद्धि र विकासका लागि खेल क्षेत्रलाई पनि विकासका आधार मानेर कामकाज गर्नु पर्ने भन्दै यस मेयर कपले १० वर्ष पछि नेपालका लागि उत्कृष्ट खेलाडीहरु उत्पादन गर्ने धारणा राख्नुभयो ।

उहाँले विगतको २५ वर्षमा खेल क्षेत्रमा विभिन्न खालका व्यथितीहरु देखा परेको भन्दै ती वेथितीहरु अन्तय गर्नका लागि हामी सबैको सहयोग आवश्यक भएको बताउनु भयो । उहाँले खेलाडीहरुले पाउने पुरस्कारका रकमको फाइल कर्मचारीले टेवुलमै थनकाएर राखेका कारण पाउन नसकेको जानकारी दिदै जनकपुरधाम आउनु भन्दाअगाडी ति फाइलहरु अगाडी बढाइ सकेको र अर्को सता खेलाडीहरुले पुरस्कारको रकम पाउने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो ।

उहाँले अन्तर्राष्ट्रिय रङ्गशाला निमार्ण भएपछि अन्तर्राष्ट्रिय खेलहरु यहाँ गराउनका लागि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलका अध्यक्षाले प्रतिबद्धता समेत गरेको कारण त्यसका लागि आवश्यक अन्य पूर्वाधारहरु पनि निमार्ण हुनु पर्नेमा जोड दिनुभयो ।

निजी क्षेत्रले स्वामित्व नलिइकन खेल क्षेत्र व्यवसायिक रुप लिन नसक्ने भएकोले विभिन्न खेल क्षेत्रमा लागेका खेलाडीहरुलाई निजी क्षेत्रले प्रायोजित गर्नु पर्ने धारणा राख्नुभयो। उहाँले देशमा विभिन्न खालका नीति निमार्ण गरिदा सरोकारवालाको संलग्नता नहुने गरेको कारण विभिन्न खालका समस्याहरु हुने गरेको भन्दै नीति निमार्णमा सम्बन्धि सरोकारबालालाइ सहभागि गराउनु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता साहले रङ्गशाला निमार्णका लागि प्रदेश सरकारले दुइ करोड रुपियाँ बजेट छुट्याइसकेको जानकारी गराउनुभयो । कार्यक्रमको अध्यक्षता गर्नुभएका जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहले प्रदेशमा उत्कृष्ट खेलाडी उत्पादनका लागि यस प्रकारको प्रतियोगिताको आयोजना गरिएको बताउनुभयो ।

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बलवा नगरपालिका, महोत्तरी**

**हावाहुरीबाट जोगिने उपायहरु**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**हावाहुरी र आगलगीबाट बचौं**

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**औरही नगरपालिका, महोत्तरी**

**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**गौशला नगरपालिका, महोत्तरी**

# सुनसरी : दुई पक्षको झडपपछि उत्पन्न समस्या समाधानका लागि पाँच बुँदे सहमति

**खबर दर्पण समाचारदाता**

**चैत्र २४ गते, बर्दिवास**

सुनसरीमा शुक्रवार भएको दुई पक्षबीचको झडपपछि उत्पन्न समस्या समाधानका लागि पाँचबुँदे सहमति भएको छ ।

तनाव समाधानका लागि जिल्ला प्रशासन कार्यालय सुनसरीमा बसेको सर्वपक्षीय बैठकमा पाँच बुँदे सहमति भएको कायममुकायम प्रमुख जिल्ला अधिकारी देवराज फुयँलले जानकारी दिनुभयो ।

उहाँकाअनुसार बैठकमा घटनाको छानबिन गर्ने, दोषीमाथि कारबाही गर्ने, घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्ने र तनाव साम्य भएपछि सुनसरीमा सद्भाव र्‍याली आयोजना गर्ने निर्णय भएको छ ।

यस्तै जिल्ला प्रशासनले लगाएको कर्फ्यू क्रमशः खुकुलो पार्दै लैजाने सहमति पनि भएको छ ।



हिजो हरिनगर गाउँपालिकाको केन्द्र भुटाहामा भएको दुई समूहबीचको झडपले उग्र रुप लिँदा हरिनगरसहित सुनसरीका पाँचवटा पालिकामा त्यसको असर देखिएपछि अवस्थालाई बिग्रन नदिन जिल्ला प्रशासन कार्यालयले पाँचवटा पालिकामा कर्फ्यू आदेश जारी गरेको थियो ।

हिजो दुई पक्षबीच भएको झडपका क्रममा १० जना प्रदर्शनकारी र १९ जना प्रहरी घाइते भएका जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। झडपलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले ८० राउन्ड हवाई फायर र ४० सेल अश्रु ग्यास प्रहार गरेको थियो ।

# इलाम २ मा ८ स्वतन्त्रसहित २० जनाको मनोनयन दर्ता

**खबर दर्पण समाचारदाता**

**चैत्र २४ गते, महेन्द्रनगर**

१५ वैशाखमा इलाम २ मा हुने उपनिर्वाचनका लागि विभिन्न दल र स्वतन्त्र उम्मेदवार गरी २० जनाले मनोनयन दर्ता गराएका छन् ।

शनिबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर दलका १२ जना र स्वतन्त्र ८ गरी २० जनाले उम्मेदवारले मनोनयन दर्ता गराएका हुन् । नेपाली कांग्रेसका डम्बर खड्का, नेकपा एमालेका सुहाङ नेम्वाङ, राष्ट्रिय स्वतन्त्र पार्टीका मिलनकुमार योङयाङ लिम्बु, र ाप्रपाका लक्ष्मी गुरुङ, नेकपा एकीकृत समाजवादीका जीतबहादुर राई, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङले उम्मेदवारी दर्ता गराएका छन् ।

४ मंसिर २०७९ मा भएको आम निर्वाचनबाट निर्वाचित एमाले नेता सुवासचन्द्र नेम्वाङको २५ भदौको राति निधन भएपछि खाली रहेको प्रतिनिधिसभा सदस्य पदमा चुनाव हुन लागेको हो ।

एमालेले सुवासका छोरा सुहाङलाई उम्मेदवार बनाएको छ । उनलाई नेकपा माओवादी केन्द्र र विप्लव नेतृत्वको नेकपाले समर्थन गरेको छ । कांग्रेस उम्मेदवार डम्बर खड्का ४ मंसिर २०७९ को चुनावमा सुवास नेम्वाङसँग ११४ मतान्तर ले पराजित भएका थिए ।

बाँकी पृष्ठ २ मा


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**मठिहानी नगरपालिका, महोत्तरी**


## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**बर्दिवास नगरपालिका, महोत्तरी**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : अ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा